# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## त्रिवेणी गाउँपालिका

## रुकुम (पश्चिम)

### कर्णाली प्रदेश, नेपाल

### २०७८

गाउँसभाको बैठकमा मिति २०७८/०३/१० गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री निर्मला विष्ट खड्का ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

## त्रिवेणी गाउँपालिका

### रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**यस त्रिवेणी गाउँपालिकाको गरिमामय छैठौं गाउँ सभाका सम्माननीय अध्यक्ष ज्यू,**

**सदस्य ज्यूहरु,**

राष्ट्रको महत्वपूर्ण घडीमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुऱ्याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुऱ्याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै यस छैठौं गाउँसभामा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु । उपस्थित आमन्त्रित अथिति गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण त्रिवेणीबासी आमा, बुवा, दाजु, भाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु । साथै कोरोना महामारीबाट ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरुमा हार्दिक श्रद्धाञ्जली तथा परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै कोरोना संक्रमित हुनुभएका सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

भौगोलिक विकटता र विविधता दुवै चिनिने गरिबी, अभाव र अशिक्षा जस्ता थुप्रै समस्याहरुबाट ग्रसित रुकुम पश्चिम जिल्लाको त्रिबेणी गाउँ पालिका हो । राज्यको सिमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै त्रिवेणी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो ।

**सभाध्यक्ष महोदय,**

त्रिबेणी गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. हरु रुँघा, खारा, मूरु, पेउघा र नुवाकोटको (३) नं वडाको भूभाग ओगटेर बनेको यस गाउपालिकाको कुल क्षेत्रफल ८५.४९ वर्ग कि.मी. रहेको र १० वटा वडामा पछिल्लो तथ्यांक अनुसार ४४०० घरधुरी र कूल जनसंख्या २३,५२० रहेकोमा हालको सन्दर्भमा सो संख्यामा बृद्धि भई गाउँपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा बृद्धि हुँदै गएको छ । राज्यको पुर्नसंरचनाका क्रममा त्रिवेणी गाउँपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचना निर्माण गर्ने चुनौति हाम्रा बीचमा रहेको छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका लागि सबै

सरोकारवालाहरुले यसमा ध्यान पुऱ्याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आर्कषण गराउन चाहान्छु ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम गाउँ पालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन र (मन्त्रिपरिषद) प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका उपरोक्त योजनाहरुको समिक्षा, विश्लेषण र नयाँ मागलाई सम्बोधन गरी नयाँ योजनाको तर्जुमा गर्न आवश्यक भएको छ र सो का लागि गाउँपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा सगर्व निवेदन गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि बिगतको सामन्ती केन्द्रिकृत राज्ययन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्फुर्तरुपमा जागृत भएको छ । राजनैतिक जागरणको साथ साथै जनताका इच्छा, आकांक्षा र चाहानाहरु पनि निरन्तर रुपमा उर्लदै गईरहेका छन । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँ सरकारको तर्फबाट गाउँपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र त्रिवेणी गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७७/०७८ को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

**<u>सडक तर्फ</u>**

आर्थिक वर्ष २०७७/०७८ को बिनियोजित रकम बाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरू भएका छन् । जसमा सडक तर्फ १० वटै वडाहरूमा करिब ३१ वटा सडक निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ ।

**<u>खानेपानी तर्फ</u>**

त्रिवेणी गा.पा. का १० वटै वडाहरूमा २७ वटा खानेपानी तथा मुहान संरक्षण कार्य सम्पन्न गरी खानेपानीको समस्या हल गरिएको छ । साथै त्रिवेणी गा.पा. को वडा नं. ८ को कालाखोला भेरीपोखरा सौर्य खा.पा. र त्रिवेणी गा.पा. वडा नं. १० को सिम्तारी खोला, टोट्के वर्नेटी, दोमिल्ला टोट्के, वडा नं. ७ को थारमारे राजकोट लगायत पिउने पानीको समस्या भएका क्षेत्रहरूको लागि लिप्ट खानेपानीको काम सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ भने ग्राबेटी पिउने पानीको व्यवस्था गरी एक घर एक धाराको काम सबै वडामा भईराखेको छ ।

**<u>शिक्षा, युवा तथा खेलकुद तर्फ</u>**

प्रत्येक विद्यालयमा बालबिकास शिक्षक कोटा कायम गर्ने निति अनुरूप बालबिकास केन्द्र शिक्षक नभएका विद्यालय हरूमा बा.बि.के शिक्षकको व्यवस्था गरियो । पिसीएफ अन्तर्गत अनुदानमा काम गरिरहेका शिक्षकहरुलाई गाउँपालिका अनुदान शिक्षक दरबन्दी कायम गरी तलब भत्ता बृद्धि गरिएको छ । अंग्रेजी, गणित र विज्ञान शिक्षकहरुको अभाव भएका विद्यालयहरुमा शिक्षक अनुदानको व्यवस्था गरिएको छ । १-१२ कक्षा संचालित सबै विद्यालयहरूमा दलित छात्रवृत्तिको व्यवस्था गरिएको छ भने कक्षा ६-१२ संचालित केही विद्यालयहरूमा कम्प्युटर तथा विज्ञान सामग्री खरिदको लागि अनुदान रकम को व्यवस्था गरिएको छ । बाबिके शिक्षकको लागि पालिका स्तरमा ड्रेसको व्यवस्था गरिएको छ । ३० वटा विद्यालयका भौतिक पूर्वाधार निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको छ । विद्यालयहरुमा आईसीटी, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिएको छ । शिक्षकहरुलाई आईसिटी सम्बन्धी तालिमको व्यवस्था समेत गरियो । गाउँपालिकाका विभिन्न विद्यालय तथा वडा स्तरमा खेलकूद कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**स्वास्थ्य तर्फ**

त्रिवेणी गाउँपालिकाका जनताको सुलभ स्वास्थ्य सेवाका लागि खारानेटामा स्वास्थ्य भवन निर्माण एवम् ल्याव परीक्षण सेवा सुचारू गरिएको छ। त्रिवेणी गा.पा.को स्वास्थ्य पहुँच भन्दा बाहिर रहेका वडाका टोल बस्तीमा गाउँघर क्लिनिक एवं खोप केन्द्र निर्माण गरिएको छ। साथै दिर्घरोगी हरूको सहयोगको लागि आर्थिक सहयोग प्रदान गरिएको छ।

त्यस्तै कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारका लागि कोभिड अस्थायी अस्पताल स्थापना गरी संक्रमितको उपचार भैरहेको साथै अक्सिजन सिलिन्डर, कन्सेन्टेटर, पल्स अक्सिमिटर लगायतका स्वास्थ्य सामाग्रीको भरपूर व्यवस्था भएको साथै प्रत्येक दिन अस्पतालबाट एन्टिजिन परीक्षण भैरहेको र समुदायमा समेत गई परीक्षण र संक्रमितको उपचार गरिएको छ। फलस्वरुप मानवीय क्षति न्यून भएको छ। स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरिएको छ। सिम्रुतु स्वास्थ्य चौकी, पेउघा स्वास्थ्य चौकी मान्टुराको भवन निर्माण गरिएको छ। वडा नं. ७ को मुरु स्वास्थ्य चौकी बाहेक पेउघा, सिम्रुतु र खारा साथै वडा नं. १, ५, ८ र ९ को आधारभूत स्वास्थ्य सेवा केन्द्र पक्की भवन निर्माण गरी सेवा प्रवाह भैरहेको छ भने स्वास्थ्य संस्था नभएका वडाहरु वडा नं. ६ बाहेक सबै वडामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाईएको छ।

एक गाउँपालिका एक अस्पतालको अवधारणा अनुसार त्रिवेणी ३ खारानेटामा १५ शैया अस्पताल निर्माणको लागि डीपीआर गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। १० शैयाको गाउँपालिका अस्पताल गाउँपालिकाको पूर्ण लगानीमा सञ्चालन गरी सेवा प्रवाह भईरहेको छ। गाउँपालिकामा १ वटा एम्बुलेन्सको व्यवस्था गरी बिरामी ओसारपसार गर्ने व्यवस्था मिलाइएको छ। विपन्न वर्गहरुलाई स्वास्थ्य विमा निःशुल्क गरिएको छ। जटिल प्रकृतिको रोग लागेमा १ लाख सम्म छुट हुने व्यवस्थाको लागि सिफारिस गरिएको छ।

**रोजगार तर्फ**

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ३७ वटा सामुदायिक आयोजनाबाट ७ सय २ जनालाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ। साथै मुख्यमन्त्री रोजगार कार्यक्रमबाट २० वटा योजना मार्फत बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गरिएको छ।

**महिला बालबालिका शाखा तर्फ**

कर्णाली प्रदेश सरकारको 'बैंक खाता छोरीको: सुरक्षा जीवनभरीको' कार्यक्रम मार्फत हालसम्म ३४३ छोरीको खाता सञ्चालन गरिएको छ। घुम्ती शिविर, घरदैलो

तथा कार्यलयबाट गरेर जम्मा २५३ जना अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ । महिला विकास समूह, समितिका सदस्यहरुलाई समूह, समिति गतिशिलता सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गरिएको छ । त्यस्तैगरी महिला जनप्रतिनिधि र सहकारी संस्थाका महिला सदस्यहरुलाई महिला कानुनी अधिकार सम्बन्धी अभिमुखकरण गरिएको छ । महिला बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन गरी अभिलेखीकरण गरिएको छ । लैंगिक हिंसा निवारणका लागि कोष स्थापना भएको छ ।

## कृषि तथा पशु तर्फ

कृषिलाई आधुनिकरण तथा व्यवसायिकरण गर्न कृषकहरूलाई तालिमको व्यवस्था गरि प्रत्येक वडामा तालिम संचालन गरियो । पशुपालक कृषकहरूको मागलाई मध्यनजर गरी भैंसी प्रवर्द्धन कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम मार्फत उन्नत जातिको भैंसी, राँगा, बाख्रा, बोका वितरण गरियो । कृषि विकास कार्यालय रुकुम र त्रिवेणी गाउँपालिकाको सहकार्यमा त्रिवेणी १ मा अदुवा ब्लक कार्यक्रम सञ्चालन गरियो । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम सञ्चालनको लागि त्रिवेणी गा.पा.का वडा नं. २, ५, ६, ७, ९ र १० मा विभिन्न बालीवस्तुका पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिएको छ । कृषि यान्त्रीकरण प्रवर्द्धनका लागि विभिन्न किसिमका कृषि उपकरणहरु ५० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गरियो । बालीवस्तुमा लाग्ने रोगकिरा नियन्त्रणका लागि विभिन्न किसिमका किटनाषक र ढुसीनासक विषादी कृषि शाखा मार्फत वितरण गरियो । करेसाबारी प्रवर्द्धनका लागि एक घर एक करेसाबारी अभियानको रुपमा विभिन्न किसिमका तरकारीका विउबिजनहरु वितरण गरियो । पशुको रोग नियन्त्रणको लागि विभिन्न किसिमका खोप लगाउने काम गरिएको छ । कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादनमा जोड दिँदै आइएको छ । पशुसेवा शाखा मार्फत विभिन्न किसिमका औषधीहरु पशुपंक्षीहरुलाई वितरण गरिएको छ ।

## पर्यटन तथा वन वातावरण तर्फ

त्रिवेणी गाउँपालिका ६ मा धुमभिर युद्द संग्रालय निर्माणको कामलाई निरन्तरता दिइएको छ । त्रिवेणी गाउँपालिकाको संस्कृति संरक्षणका लागि कला साहित्य संस्कृति संरक्षण मञ्च मार्फत स्मारिका प्रकाशन तथा लोक संस्कृति संरक्षणका सामाग्रीको खरिद सम्पन्न गरिएको छ ।

## न्यायिक समिति तर्फ

आर्थिक वर्ष २०७७/०७८ मा न्यायिक समितिमा जम्मा ३३ वटा उजुरी परेकोमा ८ वटा जिल्ला अदालतमा सिफारिस गरियो भने १४ वटा मिलापत्र गरियो । ८ उजुरी अहिले

पनि चालु रहेको र ३ वटालाई मुल्तवीमा राखिएको छ । न्यायिक समितिमा आर्थिक वर्ष २०७७/०७८ मा फिरादपत्र दर्ता शुल्कबाट रु. ६ हजार र मिलापत्र शुल्कबाट रु. १० हजार ४ सय गरी जम्मा रु. १६ हजार ४ सय राजश्व संकलन भएको छ ।

त्रिवेणी गाउँपालिकाको प्रत्येक वडामा रहेको मेलमिलाप केन्द्रको व्यवस्थापन तथा तीन सदस्यीय मेलमिलाप समिति गठन, मेलमिलाप सम्बन्धि आधारभूत तालिम सञ्चालन र न्यायिक समिति सचिवालय तथा प्रत्येक मेलमिलाप केन्द्रको निम्ति कानुनी फ्लास बोर्ड निर्माण गरिएको छ । न्यायिक समिति सचिवालयबाट न्याय सम्पादन तथा प्रगति विवरण एबं कानुन पत्रिका प्रकाशन तथा वितरण गरियो भने न्यायिक समिति सचिवालय रुकुम पश्चिम तथा वडा स्तरीय मेलमिलाप केन्द्रको कार्यालय व्यवस्थापन गर्नुका साथै वडा स्तरीय मेलमिलाप केन्द्रको निरीक्षण तथा अनुगमन गरिएको छ ।

**व्यवस्थापकीय पक्ष**

त्रिवेणी गाउँपालिकाको कार्यालय खारानेटामा विभिन्न भेला, बैठक, सभा सम्मेलन गर्नका लागि व्यवस्थित सभाहल निर्माण गरिएको छ । गाउँपालिकाको समग्र विवरणलाई व्यवस्थित गर्नका लागि कार्यालयमा डिजिटल प्रोफाईल तयारी गरिएको छ । सेवाग्राहीलाई सेवा प्रवाहको जानकारी दिन र सुसूचित गर्नका लागि डिजिटल नागरिक वडापत्र निर्माण गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चूनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु ।

- कोभिड १९ को महामारीका कारण महत्वपूर्ण विकास निर्माणका आयोजनाहरु अलपत्र पर्ने अवस्था सिर्जना भएको छ । आर्थिक गतिविधिहरु संकुचित भएको अवस्था छ । राजश्व संकलन अपेक्षित रुपमा हुन सकेको छैन ।
- सीमित बजेट तथा स्रोत साधनबाट जनताका असिमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।
- विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चूनौतिपूर्ण छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच बृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्यको सुक्ष्म सुपरीवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिंग हुने गरेका छन्, गाउँपालिकाभित्र संचालनमा रहेका आयोजनाहरुको प्रभावकारी अनुगमन, नियमन एवं मूल्यांकन हुन नसक्दा निर्मित संरचनाको गुणस्तरीयतामा प्रश्नचिन्ह खडा भएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म यस सम्मानित सभा समक्ष आ.व. ०७८।७९ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१) कोभिड १९ रोकथाम, नियन्त्रण, परीक्षण र उपचार गर्नु ।
२) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।
३) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्वन गर्नु ।
४) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका पुर्वाधार संरचनाको विकास गर्नु ।
५) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाईलाई प्राथमिकताका साथ परिपुर्ति गर्नु ।
६) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।
७) सडक, झोलुंगे पुल, मोटरेवल पुल, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढिकरण र विकास गर्ने,
८) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउने ।
९) शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिको प्रयोग र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।
१०) स्वच्छ पिउने पानी तथा सरसफाईमा गाउँबासीको पहुँचमा वृद्धि गर्ने ।
११) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

१२) कृषि तथा पशुपालन पेशा व्यबसायीक रोजगार तर्फ उन्मुख गर्ने,
१३) त्रिबेणीको शैक्षिक पर्यटनको गन्तब्य बन्ने आधार तयार गर्ने,
१४) स्थानिय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु,
१५) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्ने,
१६) आधारभुत स्वास्थ्य सेवाको गुणस्तरमा स्तर वृद्धि र सुलभता ल्याउनु,
१७) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्ने,
१८) विपद जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्नु,
१९) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु,
२०) प्रत्येक वडामा वृक्षारोपण र संरक्षणको अभियान संञ्चालन गर्नु,
२१) उद्यम ब्यबसाय विकासमा महिलाहरुको अर्थपुर्ण सहभागितामा वृद्धि गरी आय आर्जनमा क्रियाशिल गराउनु,
२२) फोहोर ब्यबस्थापनमा वैज्ञानिक ब्यबस्थापनको शुरुवात गर्नु,
२३) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

**सभाध्यक्ष महोदय,**

**बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।**

- कोभिड १९ को रोकथाम, नियन्त्रण, परीक्षण र उपचार,
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान,

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा बृद्धि, मानव संशासन विकास ।
- सार्वजकि प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०७८/०७९ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**महामारी नियन्त्रण, स्वास्थ्य सेवा र पोषण तर्फ**

- कोभिड-१९ रोकथाम, नियन्त्रण, परीक्षण र उपचारको लागि आवश्यक पर्ने आइसोलेसन, अक्सिजन सिलिन्डर, कन्सन्ट्रेटर, परीक्षण किट, रिएजेन्ट, औषधी तथा औषधीजन्य सामाग्री खरिद, आपूर्ति गर्न, कोभिड -१९ रोकथाम, नियन्त्रण र उपचारमा संलग्न स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीलाई ५० प्रतिशतसम्म जोखिम भत्ता र निःशुल्क उपचार उपलब्ध गराउन र विपद् तथा महामारी विरुद्धका गतिविधि सञ्चालन गर्न **रु. ५० लाख** विनियोजन गरेको छु ।
- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा अस्पतालसम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्था मिलाएको छु । पेउघा, मुरु, सिम्रुतु र खारा स्वास्थ्य चौकीमा गर्भवती चेकजाँचको लागि प्रत्येक महिनामा एकपटक चिकित्सक सहित भिडियो एक्सरे सहितको स्वास्थ्य सेवा दिने व्यवस्था मिलाएको छु, सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद र भौतिक संरचना लगायतको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गर्न **रु. २ करोड ४१ लाख** विनियोजन गरेको छु ।
- आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवं अन्य अन्य वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गर्न एवं संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्रहरु स्थापना गरी सञ्चालनमा ल्याउन **रु. ६ लाख** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्य एवं आमा तथा बच्चाको पोषणको अवस्था सुधार गर्न **रु. २६ लाख** विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकूद तर्फ**

- त्रिवेणी गाउँपालिकामा शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिको प्रयोग र सरोकारवालाहरुको क्षमता अभिबृद्धि तथा परिचालन परियोजना सञ्चालनका लागि **रु. १ करोड ३२ लाख** विनियोजन गरेको छु ।
- सबैका लागि शिक्षा कार्यक्रम-आधारभूत तह (आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान) का लागि **रु. ६ करोड ६३ लाख** विनियोजन गरिएको छ ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान स्वरुप **रु. १ करोड ६३ लाख** विनियोजन गरिएको छ ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालनका लागि **रु. ५ करोड ३५ लाख** विनियोजन गरिएको छ ।
- शैक्षिक क्षेत्रको समग्र विकासका लागि शिक्षा युवा तथा खेलकूद शाखामार्फत विभिन्न क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि **रु. ३० लाख** विनियोजन गरेको छु ।
- बढ्दो बेरोजगारीलाई मध्यनजर गर्दै त्रिवेणी गाउँपालिकाका युवाहरुलाई आयआर्जनमा जोड्नका लागि कार्यविधि तयार गरी युवा आयआर्जन कार्यक्रम सञ्चालन गर्नका लागि **रु. ५० लाख** विनियोजन गरेको छु ।
- युवाहरुलाई खेलप्रति आकर्षण बढाउन विद्यालय स्तरीय तथा पालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**कृषि तथा पशुसेवा तर्फ**

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) कार्यक्रम, बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रमको निरन्तरता, अदुवा बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम सञ्चालननका लागि **रु. ३१ लाख** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- मकै उत्पादन प्रवर्द्धन कार्यक्रम र खाद्यान्न बालीको उन्नत बिउ वितरणका लागि प्रोत्साहनका लागि **रु. ४० लाख** विनियोजन गरेको छु ।
- कृषिमा आधुनिकीकरण, व्यवसाकिकरण तथा यान्त्रिकरण गर्नुका साथै विउ विजन अनुदान, रोगकिरा नियन्त्रण तथा बाली उपचार, कृषकहरुलाई विभिन्न तालिम लगायतका कार्यक्रम सञ्चालनका लागि **रु. २० लाख** विनियोजन गरेको छु ।
- कृषि पेशामा आम रुचि बढाउन र कृषकहरुलाई पेशाप्रति आकर्षण गर्नका लागि कृषक पेन्सन कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि **रु. १० लाख** विनियोजन गरेको छु ।
- पशुसेवा शाखा मार्फत गाउँपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन बृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डालेघाँस प्रवर्द्धन र घाँसखेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि **रु. २० लाख** विनियोजन गरेको छु ।
- दुध उत्पादन मार्फत कृषकलाई आत्मनिर्भर बनाउन र दुग्ध डेरी सञ्चालन गरी दैनिक ४० हजार लिटर दुध निर्यात गर्ने उद्देश्यका साथ कृषकसँग साझेदारीमा गाई खरिद कार्यक्रम सञ्चालनका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

**<u>पूर्वाधार विकास तथा सडक निर्माण तर्फ</u>**

- त्रिवेणी गाउँपालिकामा ग्रामीण सडक विस्तार र स्तरोन्नति कार्यलाई मध्यनजर गरी झुल्नेटा-हस्पाल-कुरल-खुम्चेरी सडक निर्माणका लागि **रु. २ करोड १८ लाख** विनियोजन गरेको छु ।
- हिमालय जनता मावि नुवाकोटको ८ कोठे भवन निर्माणको लागि **रु. ७० लाख** विनियोजन गरिएको छ ।
- सिम्रुतु स्वास्थ्य चौकीको भवन निर्माणका लागि **रु. ८३ लाख** विनियोजन गरिएको छ ।
- जिवाङ-झुल्का-हाईरु-बल्लेजुरा सडक निर्माणका लागि **रु. १ करोड २० लाख** विनियोजन गरेको छु ।
- नुन्थला-भेडाखर्क-स्यानखर्क-विमैचा सडक निर्माणका लागि **रु. १ करोड १० लाख** विनियोजन गरेको छु ।
- माथिगाउँ-बल्लेजुरा-कालापोखरा सडक निर्माणका लागि **रु. १ करोड १० लाख** विनियोजन गरेको छु ।



त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- त्रिवेणी गाउँपालिकाभित्रका ३ वटा विद्यालय (पिपलनाथ आवि विमैचा, शुभप्रभात आवि पेउघा र जनहित आवि चौतारा) को भवन निर्माणका लागि **रु. ६० लाख** विनियोजन गरिएको छ ।
- कोरवाङखोला-बल्लेजुरा सडक स्तरोन्नति, झारपोखरा-टोट्के-जलेखर्क सडक स्तरोन्नति, कल्चेढुंगा-उन्नेचौर सडक स्तरोन्नति, ढुंगेघर-मान्टुरा सडक स्तरोन्नतिका लागि **रु. ८० लाख** विनियोजन गरिएको छ ।
- जनशक्ति मावि विताडाँडाको भौतिक पूर्वाधार निर्माणका लागि **रु. १५ लाख** विनियोजन गरेको छु ।

**<u>रोजगार तर्फ</u>**

- त्रिवेणी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय तह मार्फत हुने विकास निर्माणका योजनाहरु मार्फत करिब १२ सय युवाहरुलाई १०० दिन बराबरको रोजगारी उपलब्ध गराईने छ । जसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम बाट **रु. ४ करोड ५२ लाख ८८ हजार** विनियोजन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुमा लगानी साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**<u>उद्यम विकास तर्फ</u>**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जना समूहमा प्रविधि हस्तान्तरण गर्ने, आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइएको छ । जसका लागि **रु. ३३ लाख** विनियोजन गरिएको छ ।

**<u>न्यायिक समिति तर्फ</u>**

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिबृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि **रु. १० लाख** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**लक्षित वर्ग (महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा शहिद परिवार) तर्फ**

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धन, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैंगिक अल्पसंख्यकको अधिकार सुनिश्चितताका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि **रु. १० लाख** विनियोजन गरेको छु।

- विपन्न महिलाहरुको आयआर्जन बृद्धिका लागि कार्यक्रम सञ्चालनका लागि **रु. १५** लाख विनियोजन गरेको छु।
- शहिद परिवारको आत्मसम्मान र आयबृद्धिका लागि मासिक रुपमा प्रति शहिद परिवार १ हजार रुपैयाँ भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु, जसका लागि **रु. १० लाख** विनियोजन गरेको छु।
- दलित उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न **रु. १५ लाख** विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका अति विपन्न, गरिब घरपरिवार पहिचान गरी आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ। जसका लागि **रु. १२ लाख** विनियोजन गरेको छु।

**पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फ**

- त्रिवेणी गाउँपालिका ६ मा निर्माणाधीन धुमभिर युद्द संग्रालय निर्माणको कामलाई निरन्तरता दिइनेछ। गाउँपालिका भित्र रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- त्रिवेणी गाउँपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि **रु. १० लाख** व्यवस्था गरेको छु।

**सूचना तथा सञ्चार**

- त्रिवेणी गाउँपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ। नियमित पत्रकारहरुसँग भेटघाट र अन्तर्क्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ। पत्रकारहरुको समग्र क्षमता विकासका लागि गतिविधि सञ्चालन गरिनेछ। आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ। जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

यी विषयगत क्षेत्रमा छुटेका अन्य थप क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ। संघीय सरकार र प्रदेश

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ। बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ।**

आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि **रु. ४४ करोड २४ लाख ९३ हजार** विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ **रु. ३२ करोड ८९ लाख ९३ हजार पाँचसय ४५** अर्थात **७४.३५ प्रतिशत** र पुंजीगततर्फ **रु. ११ करोड ३४ लाख ९९ हजार चारसय ५५** अर्थात **२५.६५ प्रतिशत** रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रु. १ करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रु. ९ करोड १ लाख**, संघीय सरकार सशर्त अनुदानबाट **रु. २२ करोड ३९ लाख १४ हजार**, *जसमध्ये समपूरकतर्फ* ***रु. १ करोड ९ लाख*** *र विशेषतर्फ* ***रु. २ करोड ८५ लाख,*** संघीय सरकार राजश्व बाँडफाँडबाट **रु. ६ करोड ६५ लाख**, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट **रु. ९२ लाख २१ हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट **रु. ३ करोड ५४ लाख ४७ हजार,** *जसमध्ये समपूरकतर्फ* ***रु. १ करोड ७० लाख*** *र विशेषतर्फ* ***रु. ६० लाख,*** प्रदेश सरकार राजश्व बाँडफाँडबाट **रु. ४ लाख ११ हजार** र आर्थिक वर्ष २०७७/०७८ मा खर्च नभई बचत हुने रकम **रु. ६९ लाख** प्रक्षेपण गरेको छु।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०७८/०७९ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ।**

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजस्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ।
- वडा र गाउँपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराउने ।

**अध्यक्ष महोदय,**

बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, स्थानीय उद्योग वाणिज्य संघ, नागरिक समाज तथा सामुदायिक संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पु्याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**

.....................................

**निर्मला बिष्ट (खड्का)**
**गाउँपालिका उपाध्यक्ष**
**मिति २०७८ असार १० गते**

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)